अनुसूचि १५

दफा ३३ को उपदफा २ सँग सम्बन्धित

# डिभिजन वन कार्यालय बागलुङ

गण्डकी प्रदेश, नेपाल

## वन पैदावर (काठ/दाउरा) लिलाम बिक्रि सम्बन्धि सूचना

डिभिजनल वन अधिकृत

*तेस्रो पटक सूचना प्रकाशित मितिः २०८०/१२/२२*

प्रस्तुत विषयमा स.व.अ. मदन सुवेदीको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी दुर्गाराज शर्मा समेत जना २ (दुई) भएको विना ईजाजत रुख कटान गरेको भन्ने मुद्दामा वरामद भएको सल्लो जातको गोलिया काठ १६१७.३९ क्यु.फि., टुनी जातको गोलिया काठ १२.०४ क्यु.फि., सिमल जातको गोलिया काठ २१.८५ क्यु.फि. र सल्लो, सिमल र टुनी मिश्रित दाउरा ०.२५ चट्टा साथै जिल्ला प्रहरी कार्यालय बागलुङको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी केयर सिं थापा समेत भएको अवैध काठ ओसार पसार गरेको मुद्दामा वरामद भएको चाँप जातको गोलिया काठ १८.१० क्यु.फि.काठ समेत जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम २५ को उपनियम (३) बमोजिम रितपुर्वक दर्ता तथा नविकरण भएका उद्योगले यो सुचना प्रकाशित मितिले ७ (सात) दिनभित्र लट अनुसारको बोलपत्र फारम खरिद गरि देहायका शर्त बमोजिम शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिएको छ ।

तपसिल

### १. वन पैदावरको विवरण

| क्र. सं | लट नं. | जत | किसिम | थान | ग्रेड | परिमाण क्यु.फि. | न्युनतम मुल्य (मू.अ.क. बाहेक) रु | घाटगद्दी स्थान | काठको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | खोटे सल्ला | गोलिया काठ | ३७७ | वि | १६१७.३९ | ४०४३४७७१ | डिभिजन वन कलिय बागलुङको आवास परिसर | वन मुद्दामा बरामद | |
| २ | | टुनी | | ४ | वि | १२.०४ | २४०७३३ | | | |
| ३ | | सिमल | | ६ | – | २१.८५ | ३२७७१० | | | |
| ४ | | खोटसल्ला, टुनी र सिमल मिश्रित | दाउरा | – | – | ०.२५ चट्टा | १०००।०० | | | |
| ५ | | चाँप | चिरान काठ | ३६ | ए | १२.९३ (गो.प.१८.१० क्यु.फि) | १२६७०।०० | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समयः

क) मिति २०८०।१२।२८ गते । ख) समय : दिउसो १२:०० बजे भित्र ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :

क) मिति २०८०।११।२८ गते । ख) समय : कार्यालयको समय भित्र ।

३. बोलपत्र खोल्ने मिति र समय : २०८०।११।३० गते दिनको १:०० बजे । बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट हुनेछ ।

४. बोलपत्र फाराम प्रति लटको लागि रु. १०००/- (एक हजार रुपैंया मात्र ) का दरले पछि फिर्ता नहुने गरि बुझाई डिभिजन वन कार्यालय बागलुङ र जिल्ला प्रशासन कार्यालय, बागलुङवाट खरिद गर्न सकिनेछ । प्रत्येक जातको काठ दाउराको लागि अलग अलग कबोल रकम बोलपत्रमा उल्लेख गर्नुपर्ने छ र खाममा फर्मका नाम, शिल (लाहा छाप) को किसिम र थान अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । उल्लेख नगरेमा त्यस्तो बोलपब दर्ता गर्न कार्यालय बाध्य हुने छैन ।

५. वन पैदावर संकलन गर्दा लागेको कटान, मुछान, घाटगद्दीसम्मको ढुवानी र पाईलिङ्ग वापतको सवै खर्च छुट्टै नियमानुसार बुझाउनु पर्नेछ ।